आज मिति २०८३।०२।०८ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. वासु पण्डित, प्रशासन शाखा प्रमुख

२. कमल राउत, पूर्वाधार विकास शाखा प्रमुख

३. उद्गम तिमिल्सिना, व. ले. अ.

४. तेज कुमार धमला, अधिकृत छैटौं

पूर्व बैठकको समीक्षा

मिति २०८३।०१।१० मा बसेको ६९ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

मिति २०८३।०२।०८ मा बसेको ७० औं कार्यपालिका बैठकको निर्णयहरुः

निर्णय नं.१: सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा निर्माणाधिन जलजन्य विपद् उद्दार तालिम सञ्चालनको लागि अत्यावश्यक पौडी पोखरी (Swimming Pool) निर्माणको लागि बजेट अभाव भएकोले गाउँपालिकाको तर्फबाट सहायतास्वरुप रु.३,००,०००।-(अक्षरेपि तीन लाख मात्र) रकम उपलब्ध गराउने।

निर्णय नं.२: १ नं. वडामा पर्ने सिराईचुलीमा नयाँ बर्ष २०८३ सालको अवसरमा आयोजित कार्यक्रमलाई लक्षित गरी सञ्चालित सरसफाई कार्यको प्राप्त बिल भर्पाई आधारमा अधिकतम खर्च रु.३०,०००।-(अक्षरेपि तीस हजार मात्र) सम्बन्धितलाई भुक्तानी दिने।

निर्णय नं.३: ३ नं. वडा निवासी रेवतीराम पोखरेलकी बुहारी, इश्वर पोखरेलकी श्रीमती ना.प्र.प.नं. ३०६६/०६२ की रेन्जुकला पोखरेलको नाममा दर्ता कायम रहेको साबिक दारेचोक गा.वि.स. वडा नं.२/क कि.नं. २७ क्षेत्रफल ६७७.२६ को जग्गा र ४ नं. वडा निवासी घनश्याम सिलवाल (ना.प्र.प.नं. १४४/०४४) को नाममा दर्ता कायम रहेको साविक दारेचोक गा.वि.स.३, सि.नं. ३ख, कि.नं. ७३४ र कि.नं. ७३७ को जग्गाहरु घडेरी बनाउने प्रयोजनको लागि खार्न अनुमति माग भइ आएकोमा प्रत्येक व्यक्तिबाट ३०० घ.मी. माटोको राजश्व लिई खार्न अनुमति प्रदान गर्ने।

निर्णय नं.४: दीर्घ रोगबाट निधन भएकी ४ नं. वडा निवासी चन्द्र बहादुर गुरुङको पत्नीको उपचारको क्रममा ठूलो रकम खर्च भई आर्थिक अभावका कारण मृत्यु हुँदाको बखत काज किरिया खर्च बापतको रकम जुटाउन समस्या परेकोले आर्थिक सहायता स्वरुप रु.१५,०००।-(अक्षरेपि पन्ध्र हजार मात्र) रकम उपलब्ध गराउने।

निर्णय नं.५: इच्छाकामना प्रज्ञा प्रतिष्ठान ऐन, २०८२ को परिच्छेद-३, दफा १० को उपदफा (१) बमोजिम प्रज्ञा प्रतिष्ठानको अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरु र प्राज्ञ परिषद्का सदस्यहरुको मनोनयन गर्न देहाय बमोजिमको सिफारिस समिति गठन गर्ने।

देहायः

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रकान्त बस्नेत | - संयोजक |
| २. सामाजिक विकास समितिका संयोजक श्री लक्ष्मण चेपाङ | - सदस्य |
| ३. श्री कृष्ण प्रसाद पोखरेल | - सदस्य |

निर्णय नं.६: आ.व. २०८२।०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको सर्वशान्ति क्याम्पस तलबभत्ता शिर्षकमा विनियोजित रु. १५,००,०००।-(अक्षरेपि पन्ध्र लाख मात्र) बजेट मध्येबाट तथा अपुग रकम शैक्षिक संस्था सहायता शिर्षकबाट खर्च लेख्ने गरी गाउँपालिकाको ४ नं. वडा कुरिनटारमा रहेको सर्वशान्ति क्याम्पसमा अध्यापनरत सहायक प्राध्यापकहरुको २०८२ साल चैत, बेशाख, जेठ र असार महिनाको पारिश्रमिक भुक्तानी प्रयोजनको लागि रु.६,९८,०००।-(अक्षरेपि छ लाख अन्ठानब्बे हजार मात्र) रकम अनुदानको रुपमा उपलब्ध गराउने।

निर्णय नं.७: गाउँपालिकाद्वारा स्वीकृत O&M प्रतिवेदनलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम परिमार्जन गर्न प्रक्रिया अगाडी बढाउने।

निर्णय नं.८: पुनः प्रयोगमा आउन नसक्ने जिन्सी सामानहरुको लिलामी बिक्रिको लागि न्यूनतम मूल्य निर्धारण गर्न खैरहनी नगरपालिका, चितवनले यसै आ.व. मा जिन्सी लिलामी बिक्रिको लागि उपयोग गरेको दररेट स्वीकृत गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

निर्णय नं.९: आ.व. २०८३।०८४ को लागि वडास्तरीय योजना छनौट तथा प्राथमिकीकरण गर्ने मिति २०८३।०१।१८ गते सम्म टोल/बस्ती भेला सञ्चालन सम्पन्न गरी मिति २०८३।०१।२० गते सम्म वडास्तरीय योजनाहरु प्राथमिकीकरण गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने।

निर्णय नं.१०: १ नं. वडामा विषालु च्याउ सेवनका कारण मृत्यु भएका एकै परिवारका ३ बालबालिकाको परिवारलाई राहत स्वरुप प्रति मृतक रु.२५,०००।- (अक्षरेपि पच्चीस हजार मात्र) का दरले जम्मा रु.७५,०००।- (अक्षरेपि पचहत्तर हजार मात्र) रकम उपलब्ध गराउने।

निर्णय नं.११: आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम र योजना तथा बजेट तर्जुमाको लागि कार्यालय समय अघिपछी र विदाको दिनमा समेत खटिने कर्मचारीहरुलाई अतिरिक्त सुविधा बापत बढिमा दुई महिना बराबरको आधारभूत पारिश्रमिकमा नियमानुसार करकट्टी गरी उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं.१२: ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ को उपदफा (७) मा भएको व्यवस्था बमोजिम गाउँपालिका क्षेत्रभित्रबाट हुने ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् कार्य माथि उल्लिखित मापदण्ड र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न देहाय बमोजिमको एक कार्यदल गठन गर्ने।

देहाय:

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष श्री दानबहादुर गुरुङ | - संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष श्री माया सिलवाल | - सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४. १ नं. वडाका वडा अध्यक्ष | - सदस्य |
| ५. ४ नं. वडाका वडा अध्यक्ष | - सदस्य |
| ६. ५ नं. वडाका वडा अध्यक्ष | - सदस्य |
| ७. ६ नं. वडाका वडा अध्यक्ष | - सदस्य |
| ८. ७ नं. वडाका वडा अध्यक्ष | - सदस्य |
| ९. पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य-सचिव |

निर्णय नं.१३: २ नं. वडा निवासी ना.प्र.प.नं. २०५/०५८ का जित बहादुर गुरुङको एक हल गोरु बाँधेर राखेको ठाउँमा चट्याङ परी मरेको र निजको आर्थिक अवस्था निकै कमजोर रहेकोले तत्काल गोरु किन्नको लागि रु.२५,०००।-(अक्षरेपि पच्चीस हजार मात्र) रकम सहायता स्वरुप उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट उपलब्ध गराउने।

निर्णय नं.१४: २ नं. वडा निवासी सोम बहादुर चेपाङको छोरा अर्जुन चेपाङ मुटु सम्बन्धी रोगबाट पिडित भई उपचार गराइरहेको र परिवारको आर्थिक अवस्था कमजोर रहेकोले उपचार खर्च जुटाउन कठिनाई परेको भनी वडाको सिफारिस सहित आर्थिक सहायता माग भइ आएकोले रु. २०,०००।-(अक्षरेपि बीस हजार मात्र) रकम उपचार सहायता बापत उपलब्ध गराउने।

निर्णय नं.१५: यस गाउँपालिकाको शिक्षक छनौट समितिले परीक्षा लिई परिक्षामा सफल उम्मेदवारलाई ३ नं. वडाको राष्ट्रिय आधारभूत विद्यालय (१-८) फिस्लिङमा रिक्त रहेको प्राथमिक तहको राहत दरबन्दीमा सिफारिस गरेकोमा उक्त विद्यालयमा पठाइएका शिक्षकहरुलाई पटक पटक हाजिर हुन नदिइएकोले उक्त विद्यालयको प्राथमिक तहको राहत दरबन्दी कोटा यसै गाउँपालिकाको ७ नं. वडामा रहेको श्री रानीखोला माध्यमिक विद्यालय सिमलढापमा स्थानान्तरण गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

निर्णय नं.१६: तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद् जिल्ला कार्य समिति चितवनले २०८२ सालको गुरुङ जातीको महान् पर्व तमू ल्होसारको उपलक्षमा आयोजना गरेको तीन दिने जिल्लास्तरीय खुला कार्यक्रमको लागि आर्थिक सहायता स्वरुप प्राप्त बिल भर्पाईका आधारमा अधिकतम रु.१,००,०००।-(अक्षरेपि एक लाख मात्र) रकम भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट उपलब्ध गराउने।

निर्णय नं.१७: श्रमजिवी पत्रकारहरुको संगठन प्रेस चौतारी नेपालको चितवनमा बनेको भवनको सभाहलको लागि ५० थान कुर्सी सहयोगको लागि अनुरोध भई आएकोले माग बमोजिमको कुर्सी खरिद गरी उपलब्ध गराउने।

निर्णय नं.१८: रत्ननगर नगरपालिका वडा नं. १०, चितवन बस्ने ठाकुरप्रसाद शर्माको स्वामित्वमा रहेको BAE 7538 नम्बरको 2017AD मा बनेको ८ सिट क्षमता भएको स्कर्पियो गाडी कार्यालय प्रयोजनको लागि कर सहित मासिक रु.९९,९००।-(अक्षरेपि उनान्सय हजार नौ सय मात्र) गाडीभाडा तिर्ने गरी दुईपक्षीय सम्झौता गरी भाडामा प्रयोग गर्ने।

चन्द्रकान्त ... 
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष